# संग्रहालय र भवन स्थापना एवम् स्तरोन्नतीसम्वन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कला, वास्तुकलासम्वन्धी महत्वपूर्ण वस्तुहरुको संकलन, संरक्षण, अनुसन्धान र प्रदर्शन गरिने स्थलको रुपमा स्थापित संग्रहालयहरू प्रदेशका महत्वपूर्ण धरोहर हुन् । यस्ता विभिन्न संस्कृति, जातजाति र समुदायसँग सम्वन्धित संग्रहालय/भवन स्थापना एवम् स्तरोन्नती गर्न यो कार्यविधि प्रदेश सरकार, मन्त्रीपरिषद्, गण्डकी प्रदेशबाट स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यो कार्यविधिको नाम "संग्रहालय र भवन स्थापना एवम् स्तरोन्नतिसम्वन्धी कार्यविधि, २०७६" रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **मन्त्रालय** भन्नाले सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशलाई सम्झनुपर्छ ।

ख) **सचिव** भन्नाले मन्त्रालयका सचिव सम्झनुपर्छ ।

ग) **स्थानीय तह** भन्नाले गण्डकी प्रदेश अन्तर्गतका गाउपालिका र नगरपालिका सम्झनुपर्छ ।

घ) **संग्रहालयको स्थापना** भन्नाले कुनै पनि जाति, समुदाय, निकाय आदिले महत्वपूर्ण संस्कृति, इतिहास, परम्परा, लोपोन्मुख वस्तुहरु जगेर्ना गर्ने उद्देश्यका साथ संकलन गरी प्रदर्शनीको व्यवस्था गर्न बनाइने भवन, स्थललाई सम्झनुपर्छ ।

ङ) **संग्रहालयको स्तरोन्नती** भन्नाले संग्रहालय स्थापना पश्चात संग्रहालयको प्रदर्शनी कक्षहरु विस्तार गर्ने, थप सामग्री संकलन गर्ने, प्रविधिको प्रयोग गर्ने, कार्यालय तथा परिसरको व्यवस्थापनमा सुधार गर्ने, सामग्रीहरुमा Chemical Treatment गर्ने, सामग्री प्रदर्शनीको व्यवस्था गर्ने आदि कार्य पर्दछन्

**३) प्रस्ताव आव्हान गर्नेः**

१) कार्यविधि वमोजिम संग्रहालयको स्थापना र स्तरोन्नतिका लागि ३० दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

**४) प्रस्ताव पेश गर्ने**

१) संग्रहालयको स्थापना र स्तरोन्नति गर्ने कार्यक्रमका लागि अनुसूची १ वमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नुपर्ने छ ।

२) प्रस्तावका साथ देहायका कागजात पेश गर्नुपर्नेछः

क) स्थानीय तहको सिफारिस,

ख) स्तरोन्नतिका लागि सम्वन्धित निकायको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी एवं नविकरण सम्बन्धी पत्र,

ग) संग्रहालयलको जग्गाको स्वामित्वसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

घ) मर्मत/स्थापनाका लागि प्राविधिकवाट तयार लागत इस्टिमेट,

ङ) संस्था/समितिको निर्णयको प्रतिलिपि ।

**५) प्रस्ताव छनौटका आधारहरु,**

दफा ४ बमोजिम प्राप्त प्रस्तावहरु छनौटको लागि देहायका आधारहरु हुनेछन्ः

क) मर्मत संभार कार्यको अधुरो काम सम्पन्न गर्नुपर्ने संङ्ग्रहालयहरु,

ख) संस्था वा स्थानीय तहबाट लागत साझेदारी हुनसक्ने,

**६) प्रस्ताव छनौट र स्वीकृति**

१) दफा ४१) वमो जिमका प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको प्रस्ताव छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) युवा तथा खेलकुद महाशाखा प्रमुख | — संयोजक |
| ख) आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि | — सदस्य |
| ग) प्रदेश संग्रहालय प्रमुख | — सदस्य |
| घ) मन्त्रालयको सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

२) आवश्यकता अनुसार थप विज्ञ आमन्त्रित गर्न सकिनेछ ।

३) छनौट भएका प्रस्तावहरु स्वीकृतिका लागि सात दिन भित्र सचिव समक्ष पेश गर्नुपर्नेछ ।

४) उपदफा ३ वमोजिम स्वीकृत भएका प्रस्तावहरुको विवरण मन्त्रालयको सूचना पाटी एवम् Website मार्फत सार्वजनिक गरिनेछ ।

**७) कार्यक्रम कार्यान्वयन सम्वन्धी सम्झौताः**

१) स्वीकृत प्रस्ताव कार्यान्वयनका लागि मन्त्रालयले सम्वन्धित स्थानीय तहलाई अनुदान रकमको अख्तियारी प्रदान गर्नेछ ।

२) स्वीकृत प्रस्ताव कार्यान्वयनका लागि सम्वन्धित संस्थाले १५ दिन भित्र आफ्नो स्थानीय तहसँग सम्झौता गरिसक्नु पर्नेछ ।

३) कार्यक्रम सम्झौताको ढाँचा अनुसूची २ वमोजिम हुनेछ ।

**८) कार्यक्रम सञ्चालन**

१) कार्यक्रमको सम्झौता भए पश्चात लागत अनुमानका आधारमा स्थानीय तहसँग समन्वय गरी कार्य प्रारम्भ गर्नुपर्नेछ ।

२) कार्यक्रम सञ्चालन हुने स्थानमा कार्यक्रमको विवरण सहितको सूचना बोर्ड राख्नुपर्नेछ ।

३) कार्य सम्पन्न भए पछि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**९) कार्यक्रम अनुगमनः** १) कार्यक्रमको अनुगमन मन्त्रालय तथा स्थानीय तहले गर्नेछ ।कार्यक्रम अनुगमन प्रतिवेदन अनुगमनको लागि खटाउने निकायमा पेश गर्नुपर्नेछ ।

२ ) अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह र सम्बन्धित समिति/संस्था/निर्माण व्यवसायीको हुनेछ ।

**१०) वाधा अड्काउ फुकाउ तथा संशोधनः**

यस कार्यविधिको कार्यन्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले उक्त वाधा अड्काउ फुकाउन एवम् संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

## संग्रहालय र भवन स्थापना एवम् स्तरोन्नतीसम्वन्धी कार्यक्रम प्रस्तावको ढाँचा

१. संग्रहालयको नाम र ठेगानाः ................ ..................... ................

..................... जिल्ला ......................... न.पा.⁄गा.पा. ...........नं वडा

..................... टोल⁄गाउँ ।

२. संग्रहालयको संरक्षण/व्यवस्थापन गर्ने संस्था वा समितिको नामः .............. ...................... ..................

सम्पर्क व्यक्तिः ................................. सम्पर्क नंः .......................

३. संग्रहालयको मुख्य विषय क्षेत्रः ......................... .......................... .............................

४. संग्रहालयमा भएका पुरातात्विक बस्तु वा सम्पदाः ..................... ..................... .............. ..............

५. संग्रहालयमा सङ्कलित मुख्य वस्तुहरूको विवरणः ............. ............ ............ ............... ........... ....

६. ऐतिहासिक पृष्ठभूमी निर्माणकाल , निर्माणकर्ता):

............. ............. ............. ............. ............. .............. ...........

............... .................

७. पूर्व मर्मत/स्तरोन्नति वा जीर्णोद्धार मिति र विवरणः................ .................. ................

.................... .................... ....................... .................... ................. ................

८. संग्रहालयसम्बन्धी थप विवरण

जग्गाको क्षेत्रफलः .......... ...............

संग्रहालय भवनकोः

भवन नं १ः लम्वाईः .............. चौडाईः ................ उचाईः .............

भवन नं २ः लम्वाईः .............. चौडाईः ................ उचाईः ..............

संरचना सम्बन्धी अन्य विवरणः .................. ............ ............. .............. ..............

९. वार्षिक संग्रहालय भ्रमणकर्ताको संङ्ख्याः ....... ... स्वदेशीः ............ विदेशीः...........

१०. वार्षिक आम्दानीका स्रोत र आम्दानीको विवरणः .................. ....................

.................. ....................

.................. ....................

११. संग्रहायलयको वर्तमान भौतिक अवस्थाः ....................... ....................... .........................

१२. स्तरोन्नति गर्न आवश्यक कार्यहरूको विवरणः ................... .......... ........ ......... .......... ............

............ .............. ......... ......... ............. .......... ............. ........ ........ .........

१३. स्तरोन्नतिको लागि आवश्यक कुल रकमः .................... ................. लागत ईष्टिमेट बमोजिम)

मन्त्रालयबाटः .....................

स्थानीय तहबाटः .................

अन्य स्रोतबाटः ...................

१४. स्तरोन्नति कार्यक्रमका अपेक्षित उपलब्धिहरुः .......... ........... ................. .................

............. .................. .................. ..................... ................... .................

नामः............................ पदः .................

हस्ताक्षरः...................... संस्थाको छापः

# अनुसुची २
## सम्झौताको ढाँचा

श्री ..... ..... ........ ......नगरपालिका/गाउँपालिका र ...................................... को बिचमा ..... ........ ........ ...... ......... ............ संग्रहालयको स्तरोन्नतिसम्बन्धी निम्न कार्य गर्न गराउन मञ्जुर भई यो सम्झौता गरिएको छ ।

१) कार्यक्रमको संक्षिप्त बिवरण

क) कामको प्रकृतिः ........... .................. ................. ..................

ख) कार्यस्थलः गा.पा./ न.पा. ............. ................ ............ ...........

२) कुल लागत अनुमानः रु.................

क) सामाजिक विकास मन्त्रालय, पोखराबाटः रू .............

ख) न.पा/गा.पा.वाटः रू..............

ग) अन्यबाट रू ...............

जम्माः ........................ अक्षरूपी जम्मा रू .................. ................. ...........)

३) आयोजना कार्यान्वयन गर्ने जिम्मेवार संस्था वा समितिको नामः ..................................................

ठेगानाः ............ ............ ............ ............. ..............

अध्यक्षको नामः ............. .........

मोबाईल नं. ............. ............... ईमेल ठेगानाः ................................. ...........

सम्पर्क व्यक्तिः ........................... फोन नं/ मोबाईल नं.................................

इमेल...................... ...................... .......................

४) रकम भुक्तानीको व्यवस्था सम्बन्धमाः ...................

५) स्तरोन्नति कार्यक्रम सम्पन्न गर्नुपर्ने मिति .........................

६) सम्झौताको पूर्व शर्तहरु

क) कार्यक्रम सञ्चालन गर्ने निकायले रकम र निर्माण सामग्री कुन कार्यक्रम र उद्देश्यका लागि प्राप्त गरेको हो, सोही कामको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

ख) स्तरोन्नति भएको संग्रहालयको नियमित सम्भारको व्यवस्था संस्था आफैंले गर्नुपर्ने छ ।

ग) कार्यक्रम सम्पन्न भएपछि ................ नगरपालिका/गाउँपालिकाबाट जाँचपास गराई कार्य सम्पन्न प्रतिवेदन सहित फरफारक गर्नुपर्नेछ ।

घ) यो सम्झौतासँग संलग्न कार्य तालिका अनुसार कार्य सम्पन्न गर्नुपर्नेछ ।

ङ) ....... ......... नगरपालिका/गाउँपालिकाबाट उल्लेखित कार्य गर्न रू ........... .... रकम ....... ... ......... ........... संस्था/समितिलाई उपलब्ध गराईने छ ।

च) यो सम्झौतामा नपरेका कुराहरु प्रचलित कानून, निर्णय र मन्त्रालयवाट भएको निर्देशन बमोजिम हुनेछ ।

| नगरपालिका/गाउँपालिकाको तर्फवाट | उपभोक्ता समिति/संस्थाको तर्फवाट |
|---|---|
| नामः................................ | नामः........................ |
| दस्तखत............................ | दस्तखत....................... |
| पदः................. | पदः.................... |
| मोबाईल नंः ................. | मोबाईल नंः .................... |
| कार्यालयको छाप..................... | संस्थाको छापः ............ |
| मितिः | |